नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२-१०
चलानी नं. : ९१

CDS and Clearing Ltd.

## प्रेस विज्ञप्ति

आज मिति २०७१/०५/१६ गतेका दिन धितोपत्र अभौतिकीकरण गर्न आवेदन दिएका कम्पनीहरु मध्ये माछापुच्छ्रे बैंक लिमिटेडसँग चुक्ता मुल्य रु.१००।- को दरले ८२,८७,०४० कित्ता साधारण सेयर र १,६४,९४,७७७ कित्ता संस्थापक सेयर धितोपत्र अभौतिकीकरण गर्ने सम्झौता गरी उक्त बैंकलाई अन्तर्राष्ट्रिय स्तरको परिचय अंक International Securities Identification Number (ISIN) साधारण सेयरका लागि **NPE024A00007** र संस्थापक सेयरका लागि **NPE024A40003** प्रदान गरियो । आज धितोपत्र अभौतिकीकरणको दर्ता सम्झौता गर्ने माछापुच्छ्रे बैंक लिमिटेड सहित हालसम्म धितोपत्र अभौतिकीकरण दर्ता सम्झौता गर्ने कम्पनीको संख्या २१ (एक्काईस) पुगेको छ ।

सम्झौतामा यस लि. का तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुबोध शर्मा सिग्देल र धितोपत्र अभौतिकीकरण गर्ने माछापुच्छ्रे बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत तुलसी राम गौतमले हस्ताक्षर गर्नु भयो ।

त्यसै गरी निक्षेप सदस्यताको लागि आवेदन दिएको ग्लोबल आइएमई क्यापिटल लिमिटेडको निक्षेप सदस्यताको लागि आवश्यक पूर्वाधारहरुको निरीक्षण गरी आज मिति २०७१/०५/१६ गतेका दिन ग्लोबल आइएमई क्यापिटल लिमिटेडसँग सम्झौता गरी निक्षेप सदस्यता प्रदान गरियो । यसरी ग्लोबल आइएमई क्यापिटल लिमिटेड समेतलाई गरी निक्षेप सदस्यको संख्या ११ (एघार) पुगेको छ ।

सम्झौतामा यस लि. का तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुबोध शर्मा सिग्देल र निक्षेप सदस्य ग्लोबल आइएमई क्यापिटल लिमिटेडका तर्फबाट महाप्रवन्धक पारस मणि ढकालले हस्ताक्षर गर्नु भयो ।

Subodh

मिति : २०७१/०५/१६



Agreement with Machhapuchchhre Bank Ltd.



Agreement with Global IME Capital Ltd.

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com